सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न.

मितिः २०८२।१०।११

**विषयः ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन, निकासी सम्बन्धी सार्वजनिक सूचना।**

प्रस्तुत विषयमा राप्ति र गनाह नदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उत्खनन् संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिबाट प्राप्त अनुमती अनुसार ढुंङ्गा, गिट्टि र वालुवाको उत्खनन, संकलन र निकासीका सम्बन्धमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।०९ गतेको बैठकको निर्णय अनुसार गाउँपालिकाको क्षेत्र भित्रको विकास निर्माण,स्थानीय प्रयोजनको लागि मात्र जिल्ला बाहिर निकासा गर्न नपाउने शर्तमा सरुमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरु परिचालन गरी नगदी रसिद काटी ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन निकासी तथा व्यवस्थापन कार्य मिति २०८२।१०।१३ गते देखि तपशिलको शर्त अनुसार खुल्ला गरिएको छ ।साथै ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन् र निकासीका लागी निम्न तोकिएका स्थानहरुबाट मात्र उत्खनन् र निकासी गर्नु पर्नेछ ।

| सि.न. | नदि खोलाको नाम | स्वीकृत क्षेत्र | उत्खनन सहमति प्राप्त परिमाण घ.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | राप्ती नदि | झिलिवाङ्ग धाद्रघाट | १४२५५ | |
| २ | राप्ती नदि | रानीवगर | ११३१० | झोलुङ्गेपुल/पक्कीपुलबाट १ कि.मि. छोड्ने |
| ३ | राप्ती नदि | तित्रिबाझ बेलघाट | १३२३७ | |
| ४ | राप्ती नदि | सुनघाट | १५५७० | तित्रिबाझ वेलघाट बाटो प्रयोग गर्ने |
| ५ | राप्ती नदि | ददेरी घाट | १८४७० | |
| ६ | गनाहा खोला | गनाहाफाट/ जोगिढुङ्गा बाध देखी अदुवा बारी माथि | २१५९ | सिचाई बाधबाट २०० मि. दक्षिण/तल ननिकाल्ने |
| ७ | गनाहा खोला | घोष खोला दोभान देखी खारारह सम्म | २१८७ | |

सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान लुम्बिनी प्रदेश,नेपाल २०७३

प.सः २०८२।०८३

च.न.

- प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार भ्याट सहित प्रति टेक्टर रु. ५४५/- ६ चक्के टिप्परको प्रति टिप्पर रु. १६८०/-, ८ चक्के टिप्परको प्रति टिप्पर रु. २०४०/- १० चक्के टिप्परको प्रति टिप्पर रु. २६४०/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ। तोकिएका स्थानहरुबाट गाउँपालिकाबाट खटिएका कर्मचारी बाहेक अन्य ब्यक्तिले नगदी रसिदको प्रयोग गर्न पाईने छैन ।
- ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यबस्थापनको मिति २०८२।१०।१३ गते देखी २०८३ जेष्ठ मसान्त सम्म मात्र लागु हुनेछ ।
- २०८२ फागुन मसान्त सम्म प्रत्येक दिन विहान ७.०० बजे देखि साझ ५.०० बजे भित्र र २०८२ चैत्र महिना देखी २०८२ जेष्ठ मसान्त सम्म विहान ६.३० बजे देखी साझ ६.३० बजे सम्म ढुंङ्गा, गिट्टि र वालुवा खोलाबाट निकासी गर्न पाईनेछ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना गरिनेछ ।
- जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथिका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक देखी प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक देखी प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना गरिनेछ।
- जो कसैले अबैध ढंगले ढुंङ्गा, गिट्टि र वालुवा डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गरिनेछ ।
- गनाह खोलाकाघाटबाट ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलनको लागि सामुदायिक स्वास्थ्य ईकाई गनाहका कर्मचारी मार्फत कार्यालयबाटै नगदी रसिद काटेर मात्र ढुवानी गरिनेछ। गनाहाखोलाको ढुंगा,गिट्टी र वालुवा निकासी हाललाई २०८२ चैत्र मसान्त सम्म मात्र खुला गरिएकोछ ।
- गाउँपालिकाको क्षेत्र भित्रका साथै स्थानीय प्रयोजन बाहेक ढुंङ्गा, गिट्टि र वालुवा अन्य बाहिरी जिल्लामा निकासा गरेको पाईएमा/प्रमाणित भएमा प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम कार्वाही गरिने ब्यहोरा समेत सूचित गरिन्छ ।
- अन्य कुराहरु थपघट गर्नु परेमा गाउँकार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार निर्देशन दिईनेछ ।थप केही बुझ्नु परेमा कार्यालयको सम्पर्क न.९८५७८३६०२२ मा सम्पर्क गर्न सकिनेछ ।

२०८२/१०/११

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत